# वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२

**खैरहनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल**

## विषय सूची


१. पृष्ठभूमि ........ 3

२.प्रारम्भिक कार्यक्रम ........ 3

३. प्रस्तुतीकरण ........ 3

४. नगर उप प्रमुखको मन्तव्य ........ 4

५. नगर प्रमुखको मन्तव्य तथा कार्यक्रमको समापन ........ 5

६. कार्यक्रमको उपस्थिति ........ 6

७. कार्यक्रम विवरण ........ 8

८. कार्यक्रमको प्रस्तुतिकरण ........ 9

९. बार्षिक समिक्षा कार्यक्रमको केहि झलकहरु ........ 16

# आ.व. २०८१/८२ को बार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

## १. पृष्ठभूमि

बार्षिक प्रगति समीक्षा कार्यक्रमलाई विगतको राम्रो पक्षबाट सिकेर भविश्यको कार्ययोजना बनाउने बलियो आधारको रुपमा लिइन्छ । मिति २०८२ कार्तिक २४ गते बुधबार बिहान ८:३० बजे खैरहनी नगरपालिकाको सभाहलमा खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमको अध्यक्षता खैरहनी नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनियाज्युले गर्नुभएको थियो । अन्य सहभागीहरुमा खैरहनी नगरपालिकाका उप प्रमुख कविता उप्रेती, प्रमुख प्रशासकीय अधिकृत, वडाका वडा अध्यक्षहरु तथा कार्यपालिका सदस्यहरु, शाखाका शाखा प्रमुखहरु रहेका थिए । कार्यक्रममा जम्मा ४१ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको उदघोषण नगरपालिकाका प्रमुख प्रशासकीय आधिकृत श्री नेत्रप्रसाद पौडेलले गर्नुभएको थियो ।

## २.प्रारम्भिक कार्यक्रम

कार्यक्रमको सुरुवात स्वागत मन्तव्य र राष्ट्रिय गानबाट गरिएको थियो भने नगर प्रमुखबाट ब्यानर बचन गरी कार्यक्रम उदघाटन गरिएको थियो । स्वागत मन्तव्यमा बोल्दै उप-प्रमुख कविता उप्रेतीले यस एक वर्षको समयावधिमा यथार्थ र वस्तुनिष्ठ कामहरुको समीक्षाको लागी उपस्थित सबैलाई  स्वागत गर्नु भयो।

## ३. प्रस्तुतीकरण




नेपाल संविधानको धारा २१४ बमोजिम गठित यस खैरहनी नगरपालिकाले संविधानको अनुसूची-८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची-९ मा उल्लेखित साझा अधिकारको साथ साथै स्थानीय सरकार संचालन ऐन २०७४ को विभिन्न दफामा उल्लेख भएका स्थानीय तहका काम, कर्तव्य र अधिकारहरुको प्रयोग गर्ने गरेको छु, जुनसुकै सरकारी निकाय तथा संयन्त्र जनताप्रति जवाफदेही हुनुको साथै आ-आफ्ना कार्यहरुमा पारदर्शिता अपनाउनु पर्ने हुन्छ। आफुले निश्चित अवधिमा सम्पादन गरेका कार्यहरुको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बहन गर्नको लागि त्यस्ता निकायहरुले आफ्नो कार्य सम्पन्न भईसकेपछि जनताका प्रतिनिधि, विभिन्न सरोकारवाला निकाय तथा आफ्नो क्षेत्र भित्र संचालित अन्य संचारकर्मीहरु समेतको सहभागितामा समिक्षा गरी त्यसमा भए गरेको कार्यहरुलाई प्रस्ट्याउने, केही कमजोरी भए त्यसको लागि सहभागीहरुबाट प्राप्त सल्लाह, सुझावहरुलाई अगामी दिनमा मार्ग दर्शनको रुपमा लिई सुधार गर्दै जानुपर्ने हुन्छ ।नगरपालिकाले आफुले गरेका कामहरुको समय-समयमा Website तथा संचारको माध्यमबाट सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक लेखा परिक्षण, सामाजिक लेखा परिक्षणको साथै प्रगति समिक्षा गोष्ठीहरुको आयोजना गरी विगत वर्षमा गरिएका कामहरुको जानकारी र आगामी वर्षमा गर्नुपर्ने

सुधारका सम्बन्धमा सरोकारवालाहरु सँग सल्लाह सुझावहरु संकलन गर्नुपर्ने हुन्छ । यसले विगत वर्षहरुमा भएका कमी कमजोरीहरुलाई सुधार गर्दै नगरपालिकालाई एक निश्चित मार्ग निर्देशन गर्न र जनभावना अनुसार चल्न प्रेरित गर्दछ । त्यसै सिलसिलामा यस नगरपालिकाले आ.व. २०८१/८२ मा सम्पादन गरेका विभिन्न क्षेत्रका कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा यहि मिति २०८१/०७/२४ गते बुधबार यसै नगरपालिकाको सभाहलमा सम्पन्न गरेको थियो ।

समीक्षाको मुख्य कार्यक्रमको रुपमा आ.व. २०८१/८२ मा नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रमहरुको प्रस्तुतीकरण रहेको थियो । प्रस्तुतीकरण सम्पूर्ण शाखाका शाखा प्रमुखहरुबाट गरिएको थियो । सबैजसो प्रस्तुतीमा शाखाभित्रका कार्यक्रम र योजना, सोको लागि विनियोजित बजेट, वित्तीय र भौतिक प्रगतिहरु समेटिएका थिए । नगरपालिकाले आ. व. २०८१/८२ मा सम्पन्न गरेको कार्यक्रमहरुमा भौतिक तथा वित्तीय प्रगतिको साथै नगरपालिकाले गरेको उल्लेखनिय कार्यहरुको प्रस्तुती गर्नु भएको थियो । जसलाई सहभागीहरुले अध्ययन गरी आफुलाई स्पस्ट नभएको कुराहरु सोधनी गर्नु भएको थियो । जसमा कार्यक्रम सम्पन्न भएको विभिन्न योजनाहरुको सचित्र प्रस्तुतीकरण समेत गरिएको थियो ।

## ४. नगर उप प्रमुखको मन्तव्य




कार्यक्रममा नगरपालिकाको समग्र कार्यक्रमहरु समेट्दै नगरपालिका उप-प्रमुख श्री कविता उप्रेतीले आर्थिक वर्ष २०८१/८२ को भएका बिकाश निर्माण लगायतका बारेमा आफ्नो भनाई राख्नुभएको थियो । यस कार्यक्रममा प्रस्तुत भएका र उठेका विषयवस्तुलाई समेटी स्थानीय तह संचालन र संघीयता कार्यान्वयनमा नयाँ अनुभवसँग नियमित कार्यक्रम गर्न चुनौतीपूर्ण रहेको भएतापनि यस चुनौतीलाई चिर्दै अगाडी बढ्नुको विकल्प नरहेको बताउनु भयो । कार्यक्रम तथा योजना/आयोजना संचालनमा रहेका समस्याहरु पर्याप्त पूर्वतयारी, दृढ इच्छाशक्ति, सबैको सहयोग र समन्वय समाधान हुदै जाने, चालु आर्थिक वर्षमा कार्यक्रमलाई प्राथमिकीकरण गर्ने, कार्यक्रम कार्यान्वयनको पूर्वतयारीस्वरुप क्षमता विकास तथा कार्ययोजना निर्माणलाई जोड दिइने विचार राख्नुभयो । समीक्षा कार्यक्रममा बोल्दै नगर उप प्रमुख कविता उप्रेतीले विकास निर्माणको गुणस्तर र दिगोपनाको लागी जनप्रतिनिधि तथा कर्मचारी मात्रै नभएर सरोकारवाला सबैको सार्थक र निरन्तर पहल हुनु पर्ने बताउनु भयो । उप प्रमुख उप्रेतीले नगरपालिकाले सधैं जनअपेक्षालाई शिरोधार्य गरेर कार्यसम्पादन गर्दै आएको उल्लेख गर्दै आगामी दिनहरुमा समेत यसलाई निरन्तरता दिने बताउनु भयो । सबै शाखा तथा सम्वद्ध निकायहरुको उपलब्धी नै नगरको उपलब्धी हुने भएकोले सम्बन्धित सबैलाई सहयोगको लागि आग्रह गर्दै उहाँले कार्यक्रम संचालनमा सहयोग गर्ने र सकृयतापूर्वक सहभागी हुने सबैलाई धन्यवाद समेत दिनुभयो ।

**५. नगर प्रमुखको मन्तव्य तथा कार्यक्रमको समापन**




कार्यक्रमको अन्त्यमा नगरपालिकाका नगर प्रमुख श्री शशी कुमार खनियाले आफ्नो मन्तव्य राख्दै कार्यक्रम समापनगर्नुभएको थियो । उहाँले समग्ररुपमा कार्यक्रम भव्यताका साथ सफल भएको र सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो । कार्यक्रममा नगर प्रमुखले आर्थिक वर्ष २०८१/८२ को नगर र वडा स्तरीय कार्यक्रमहरु केही सम्पन्न भएका र केही सम्पन्न हुने क्रममा रहेका छन् र उक्त आयोजनाहरु पनि समयमै सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । नगरका कार्यहरु अत्यन्तै सौहार्दपूर्ण वातावरणमा सञ्चालन भइरहेको, व्यक्तिगत र दलगत स्वार्थ नभएको, विकासका हरेक काममा सहकार्य हुने, यस कार्यक्रम कार्यपालिकाबाट निर्णय भइ छलफलबाटै तय भई कार्य गर्ने बताउनु भयो । मन्तव्यकै क्रममा उहाँले आगामी दिनमा सहमति र सहकार्यको लागि छलफल र अन्तरक्रियालाई अझ बढी प्राथमिकता दिई अगाडी बढ्ने, सबैले परिकल्पना गरेको नगर विकासमा सामुहिक दायित्व र प्रतिवद्धता हुनुपर्नेमा जोड दिनुभयो । वार्षिक समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै खैरहनी नगरपालिकाका नगरप्रमुख शशी कुमार खनियाले सबैको साथ सबैको विश्वासले  खैरहनीबासीले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्ने प्रयत्न गरेको उल्लेख गर्नु भयो । उहाँले नगरपालिका भित्र रहेका समस्याको समाधान तथा नगरबासीको बिकासको आकांक्षा सम्बोधन गर्ने गरी कार्यसम्पादन गर्न सरोकारवाला सबैको सकारात्मक सहयोग र समन्वय रहनु पर्ने विषयमा जोड दिनु भयो ।  नगर प्रमुख खनियाले गत आर्थिक वर्षमा नगरपालिकाबाट भएका कार्यहरुको सवल पक्ष, सुधार गर्नुपर्ने काम, चुनौंति र अपनाउनु पर्ने रणनितीको बारेमा आफ्नो आफ्नो तर्फबाट सकरात्मक पहल कदमी लिन सरोकारवाला सबैमा अनुरोध गर्नुभयो।  सधैं झैं नगरपालिकाले कार्यान्वयन गरेका विकास योजनाहरुलाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न सबै पक्षसँग हातेमालो गर्दै अगाडि बढ्ने नगर प्रमुख खनियाको बताउनु भयो । अन्त्यमा, उहाँले नगरभित्र थुपै महत्वपूर्ण र गौरवका आयोजनाहरु रहेको त्यसको लागि बजेट समेतको व्यवस्था भइसकेको अवस्थामा सबैको साथ सहयोग र समन्वय सदैव आवश्यक रहने भन्दै सम्वद्ध सबै पक्षलाई कार्यक्रम सफल बनाउनुहुन सहयोग गर्नुभएकोमा धन्यवाद दिदै कार्यक्रमको समापन गर्नुभएको थियो । यसरी बिहान ८:३० बजे सुरु गरी ११:०० बजे चियापान गरी समापन भएको थियो ।

६. **कार्यक्रमको उपस्थिति**

आज मिति २०८२ साल कार्तिक २४ गते सोमबार बिहान ८:३० बजे खैरहनी नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक समिक्षा कार्यक्रम नगर प्रमुख श्री शशी कुमार खनिया ज्यूको अध्यक्षतामा निम्न बमोजिमको उपस्थितिमा सम्पन्न गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | श्री शशी कुमार खनिया |
| २. | नगर उप-प्रमुख | श्री कविता उप्रती |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | श्री नेत्रप्रसाद पौडेल |
| ४. | नगर शिक्षा अधिकारी | श्री राजु बानियाँ |
| ५. | सि.डि.ई. | श्री कृष्ण प्रसाद उपाध्याय |
| ६. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुषाल |
| ७. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती |
| ८. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ |
| ९. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी |
| १०. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी |
| ११. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने |
| १२. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो |
| १३. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल |
| १४. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो |
| १५. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी |
| १६. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई |
| १७. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदारनाथ पन्त |
| १८. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल |
| १९. | कार्यपालिका सदस्य | श्री बधुरमिया महतो |
| २०. | कार्यपालिका सदस्य | श्री आनन्द दराई |
| २१. | कार्यपालिका सदस्य | श्री गोमा भुजेल |
| २२. | कार्यपालिका सदस्य | श्री मैया वि.क. |
| २३. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार |
| २५. | कार्यपालिका सदस्य | श्री विष्णु माया कामी |
| २६. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई |
| २७. | मेडिकल अधिकृत | श्री सुजिता गौतम बर्तौला |
| २८. | लेखा अधिकृत | श्री गोपाल तिवारी |
| २९. | जनस्वास्थ्य अधिकृत | श्री भोजराज खनाल |
| ३०. | प्रशासकीय अधिकृत | श्री दामोदर अधिकारी |

DATE:

३१ संजय कुमार चौधरी कानुनी सहजकर्ता

३२ इ. योगेश चापागाईं (इन्जिनियर)

३३ डा. निशान्त अर्याल (पशु चिकित्सक)

३४. अ.हे.व. मनोज दुवेदी

३५. रमेश पौडेल रोजगार संयोजक

३६ तिर्थराज खनाल आर्थिक [illegible]

३७ सिर्जना श्रेष्ठ (कृ.वि.अ.)

३८. संजय सापकोटा ([illegible] छैठौं)

३९ कमला कुमारी. गुरुङ, अधिकृत छैठौं

४०. पुजन लोहनी (सूचना, प्रविधि अधिकृत)

४१. सुजिता पौडेल (प्राविधिक शाखा, सब-इन्जिनियर) Sujita Pdl.

**७. कार्यक्रम विवरण**

**खैरहनी नगरपालिका**
**वार्षिक समीक्षा**
**गोष्ठी कार्यक्रम तालीका कार्तिक २४, २०८२**

१. शुभारम्भ कार्यक्रम

अध्यक्षता : नगर प्रमुख श्री शशी कुमार खनिया

आसन ग्रहण

उप प्रमुख श्री कविता उप्रेती

सबै वडाध्यक्षज्युहरु

सबै कार्यपालिका सदस्यहरु

सबै वडा समिति सदस्यहरु

प्रमुख प्रशासकीय अधिकृत

नगर शिक्षा आधिकारी

सिनियर डिभिजन इन्जिनियर

नगरका सबै शाखा प्रमुखहरु

२. नगर उप-प्रमुख ज्युबाट मतंव्य

३. नगर प्रमुखबाट बार्षिक समिक्षा कार्यक्रमको व्यानर वचन गरी कार्यक्रमको समुद्घाटन

४. शाखा प्रमुख ज्युहरुबाट प्रस्तुती

५. खुल्ला छलफल

६. प्रमुख प्रशासकीय अधिकृत ज्युबाट उठेको सवालहरुको सम्बोधन


खाजा


७.


८. नगर प्रमुख ज्युबाट मन्तव्य सहित कार्यक्रमको समापन


## ८. कार्यक्रमको प्रस्तुतिकरण





आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | संघ | | १४,८१,०० | १४,११,२० | ९५.२९ |
| | प्रदेश | | १,६७,२७ | १,५६,६१ | ९३.६३ |
| सशर्त अनुदान | संघ | चालु | २२,५१,२७ | २२,५१,२७ | १०० |
| | | पुँजीगत | १,६८,२९ | १,६८,२९ | १०० |
| | प्रदेश | चालु | २,८८,७७ | २,८८,७७ | १०० |
| | | पुँजीगत | २,०६,३८ | २,०६,३८ | १०० |
| समपुरक अनुदान | संघ | | १,५०,०० | १,५०,०० | १०० |
| | प्रदेश | | २,६२,५० | २,६२,५० | १०० |
| विशेष अनुदान | संघ | | २,४९,२२ | २,४९,२२ | १०० |
| | प्रदेश | | ४०,८७ | ४०,८७ | १०० |
| राजश्व बाटफाटबाट प्राप्त | संघ | | ११,४२,२७ | ११,१५,६२ | ९७.६७ |
| | पुँजीगत | | ५,९८,६४ | ५,७९,४८ | ९६.८० |
| आन्तरिक श्रोत | | | १७,७४,४४ | १७,१६,५९ | ९६.७४ |
| अन्य | | | १०,७८,९१ | १०,७८,९१ | १०० |
| जम्मा आय | | | ९८,५९,८३ | ९६,७५,८१ | ९८.१३ |

**विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था (आ.व. २०८१/८२)**

| स्रोतको किसिम | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १३,४५,७५ | ११,१८,२४ | ८२.५४ |
| सामाजिक विकास | ३४,१८,३९ | २९,६५,७६ | ८६.७६ |
| पूर्वाधार विकास | ४६,४२,८१ | ३९,७९,४५ | ८५.७१ |
| वन, वातावरण तथा विपत् व्यवस्थापन | २,६१,१४ | १,६१,२६ | ६१.७५ |
| सुशासन तथा संस्थागत क्षमता विकास | १३,५७,७८ | १३,०३,०९ | ९५.९७ |
| **जम्मा** | **१,१०,३४,८७** | **१३,०३,०९** | **८६.३४** |

| स्थानीय तहको समग्र अवस्थाको विवरण | | |
|---|---|---|
| सि.नं. | विवरण | अवस्था |
| १ | जनशक्ति व्यवस्थापन | क. जम्मा स्वीकृत दरबन्दी: १२५ पदपूर्ति: ११३ रिक्त: १२<br>ख. हाल कार्यरत जम्मा जनशक्ति: १२४ स्थायी: ६९ करार (शिक्षक र स्वास्थ्यकर्मी बाहेक): ५५<br>ग. स्थानीय तह आफैले O&M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भएको। |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवन: बनेको<br>ख. आफ्नै वडा कार्यालय भएको वडा संख्या: १३<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या: १३ |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्या: २२ ख. नियमावलीको संख्या: १२<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्या: ७६ |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजना: बनेको<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना: बनेको (२ वर्ष)<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरण: बनेको<br>घ. भूउपयोग योजना: बनेको<br>ङ. स्थानीय भवन निर्माण मापदण्ड: बनेको।<br>च. राजस्व सुधार कार्ययोजना: बनेको<br>छ. आन्तरिक नियन्त्रण प्रणाली: बनेको |
| ५ | स्थानीय तहको मुल्यांकन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकनको प्राप्तांक : ९२.७५<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मुल्यांकनको प्राप्तांक : ९४<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टी: भएको |
| ६ | न्यायिक समिति सम्बन्धी | क. दर्ता भएका उजुरी/गुनासो : २०३<br>ख. कारबाही वा फछर्यौट भएका उजुरी संख्या : १४६<br>ग. कारबाही वा फछर्यौट भएका मध्य पुनरावेदनमा गएका संख्या : ० |
| ७ | बेरुजु सम्बन्धी | क. आ.व. २०८१/८२ सम्मको कायम कुल बेरुजु रकम = १२ करोड ८५ लाख<br>ख. आ.व. २०८१/८२ मा फछर्यौट भएको बेरुजु रकम र प्रतिशत = ०<br>ग. आ.व. २०८२/८३ मा फछर्यौट गर्नु पर्ने कुल बेरुजु रकम = १ करोड १० हजार |
| ८ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धता : आफ्नै भएको<br>ख. फोहोर प्रसोधन केन्द्र : भएको<br>ग. स्यानीटरी ल्याण्डफिल साइट : भएको |
| ९ | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाइन मार्फत प्रदान गरिएको सेवाको संख्या : २७<br>ख. निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या : ० |

## शाखागत कार्यक्रमहरु




### कृषि कार्यक्रम

**बजेट : ४ करोड ९६ लाख**

- किसान तपाइलाई के चाहिन्छ अन्तरगत ३७ बोरिंग, १४ पाइप, ६ मोटर, ६ कुलो, २ बोरिंग निर्माण तथा मर्मत कार्य सम्पन्न
- चार वटा कृषि सहकारीलाई ट्र्याकटर, रोटाभेटर र कल्टिभेटर वितरण
- च्याउ ढुवानीका लागि १ थान ढुवानी साधन र कृषि उपज ढुवानीका लागि ढुवानी साधन वितरण,
- कृषि उपज संकलन केन्द्र (खैरहनी -२) र कृषि उपज बजार (खैरहनी -६) निर्माण,
- आलु पकेट कार्यक्रम संचालन,
- उन्नत धानको बीउ वितरण

### कृषि कार्यक्रम

**बजेट : ४ करोड ९६ लाख**

- प्रांगारिक श्रोत केन्द्र (खैरहनी -३) स्थापना
- कृषि तालिम तथा परामर्श सेवा प्रदान
- जैविक बिषादी तथा जैविक सामग्री जुन सुकै समयमा उपलब्ध
- किसान सूचीकरणको डाटा संकलन कार्य सम्पन्न
- जग्गा भाडा कार्यक्रम निरन्तरता साथै १३ कृषक यस वर्ष थप
- च्याउ घर (४ वटा) र पराल बफ्याउने मेसिन बितरण
- तोरी मिल लगायत अन्य मेसिनरी वितरण











**पशु सेवा शाखा** **बजेटः ३ करोड ८७ लाख**

- छोरी पशुधन कार्यक्रम अन्तर्गत २८ जना एकल महिला छनौट गरी ८०% अनुदानमा दुधालु गाई वितरण
- १३२१ वटा गोबरको नमुना परिक्षण, १५२ वटा दुधको नमुनाको CMT परिक्षण र २० वटा दुधको नमुनाको कल्चरको गुणस्तर परिक्षण १७८ वटा USG गरिएको
- ५०% अनुदानमा ७४६० के.जी. घाँसको बिऊ वितरण
- ५५०० पशुलाई लम्पी स्किन डिजिज, २३००० पशुलाई पि पि आर, १५४०० पशुलाई खोरेत र १२१२ पशुलाई रेबिज रोग विरुद्धको खोप सेवा उपलब्ध गराईएको

**पशु सेवा शाखा** **बजेट :३ करोड ८७ लाख**

- २३१ गाई/भैसी, ३६७ बाख्रा, १०४ कुकुरलाई परीक्षण गरी औषधी वितरण,
- ८९ वटा भाले कुकुर र २३५ वटा पोथी कुकुरको बन्ध्याकरण सम्पन्न,
- ५०% अनुदानमा २० वटा बाख्रा वितरण र ८०% अनुदानमा ५ वटा बाख्राको नयाँ खोर निर्माण,







**स्वास्थ्य शाखा**

- स्वास्थ्यकर्मीहरुद्वारा घर-घर गएर ४,९८१ जना बा र ५,८६२ जना आमाहरु गरि जम्मा १०,८४३ जना बा आमाहरुको स्वास्थ्य जाँच गरि परामर्श सेवा प्रदान,
- उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत १५७ जना गर्भवती महिलाहरुलाई निशुल्कः पूर्व-प्रसुति सम्बन्धी आधारभुत प्रयोगशाला जाँच सेवा, १३६ जनालाई निशुल्कः भिडियो एक्स-रे सेवा र ५७ जनालाई निशुल्कः एम्बुलेन्स सेवा प्रदान,
- ११४१ जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा,
- छातीको डिजिटल एक्स-रे र आर्टिफिसियल इन्टेलिजेन्स (AI) द्वारा क्षयरोग निदान सम्बन्धी ४ दिने कार्यक्रम मार्फत १००१ जनाको परिक्षण गरि ५ जनामा क्षयरोग निदान सम्पन्न गरिएको,

**स्वास्थ्य शाखा**

- नगर अस्पतालबाट ४५ जनाले सुरक्षित प्रसुति सेवा,
- आवश्यक नि:शुल्क औषधिहरु खरिद गरी सबै स्वास्थ्य संस्थाहरुबाट नियमित वितरण,
- विपन्न स्वास्थ्य बिमा अनुदान कार्यक्रम अन्तर्गत ४९५ जना नगरबासीहरुको स्वास्थ्य बिमा गरिएको,
- ४०० जना सुत्केरी महिला तथा नवजात शिशुलाई घरमै गएर स्वास्थ्य जाँच गरि उत्तर-प्रसुती सेवा प्रदान गरिएको,
- विपन्न बालबालिका पोषण आहार अनुदान कार्यक्रम अन्तरगत १ गिलास दुध १ अण्डा बापत १०८ जनालाई मासिक पोषण भत्ता वितरण,






**स्वास्थ्य शाखा**

- पाठेघरको मुखको क्यान्सर (VIA Screening) स्क्रिनिङ, स्तन क्यान्सर लगाएतका विभिन्न महिला प्रजनन् रुग्णता सम्बन्धी नि:शुल्क स्वास्थ्य परिक्षण शिविर मार्फत ५२४ जनालाई सेवा प्रदान गरि ७ जनालाइ थप परिक्षणका लागि रिफर गरिएको,
- नगरभरिका स्वास्थ्य संस्थाबाट जम्मा महिला ८१,१०१ र ५७,०३४ पुरुष गरि कुल जम्मा १,३८,१३५ जनालाई सेवा प्रदान गरिएको,
- मृगौला प्रत्यारोपण गरेका/डायालाइसिस गराइ रहेका/क्यान्सर रोगी/मेरुदण्ड पक्षघात भएका १७४ जना बिरामीलाई औषधी उपचार खर्च वापत मासिक ५००० दरले असार महिना सम्मको भुक्तानी गरिएको,
- नेपाल रेडक्रस सोसाईटि, भरतपुरबाट खैरहनी नगरबासीलाई आवश्यक पर्ने रगत निशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको





## शिक्षा, युवा तथा खेलकुद शाखा

- ६६ जना युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी कक्षा सञ्चालन,
- १३ जना विपन्न परिवारका जेहेन्दार कक्षा ११ मा अध्ययनरत विद्यार्थीको लागि नगरपालिकाबाट ५ प्रतिशत र विद्यालयबाट ५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अन्तर्गत नगरपालिकाबाट विद्यार्थी छनौट गरी विद्यालयमा सिफारिस,
- बालविकास देखि  कक्षा ५ सम्मका ४८५९ जना विद्यार्थीहरु दिवाखाजा कार्यक्रमबाट लाभान्वित,
- ११८ जना विद्यार्थीहरुलाई स्कूल व्याग, पोशाक र स्टेशनरी सामाग्री वितरण

## शिक्षा, युवा तथा खेलकुद शाखा

- शिक्षक इन्सेन्टिभ कार्यक्रम (10 to 4 Incentive Program) अन्तर्गत विषयगत उत्कृष्ट नतिजा प्राप्त गर्ने २ जना शिक्षकलाई नगद तथा प्रमाण पत्र,
- कक्षा ११ मा अध्ययनरत १७ जना विद्यार्थीका लागि नगरपालिका तथा विद्यालयको तर्फबाट प्राप्त हुने १० प्रतिशत छात्रवृत्ति वितरण,
- खैरहनी मा. वि मा कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन तथा अनुदान निकासा,
- कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई Six to Six कार्यक्रम संचालन,
- कक्षा ५ र ८ मा अध्ययन गर्ने २१४ जना बालबालिकाका लागि रु. ६ हजारका दरले बैंकिंग प्रणाली मार्फत बिपन्न लक्षित छात्रवृत्ति निकासा,

## शिक्षा, युवा तथा खेलकुद शाखा

- अन्डर १४ उमेरका फुटवल खेलाडीहरुको लागि फुटवल प्रशिक्षण तालिम सम्पन्न,
- तेश्रो मेयरकप फुटवल प्रतियोगिता (तेश्रो रनिङ कप) १३ वडाका पुरुष र २ वडाका महिला खेलाडी बीच प्रतियोगिता संचालन,
- कक्षा १-१० सम्म अध्ययनरत ५,००० बालबालिकाहरुलाइ निशुल्क पाठ्यपुस्तक खरिद तथा वितरण,
- स्थानीय पाठ्यक्रम **हामी र हाम्रो खैरहनी**को कक्षा ४ - ८ सम्मको पाठ्यपुस्तक छपाइ तथा वितरण,







## वातावरण तथा विपद व्यवस्थापन  शाखा

- खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्य गरिएको
- फोहोरमैला व्यवस्थापन र बिशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियान संचालन
- JCB , दमकल र राहत सामग्री उपयोग गरी विपद जन्य घटनाको प्रति कार्यको लागि नियमित अनुगमन गरिएको
- १३ वटै वडामा वडास्तरीय विपद व्यवस्थापन समितिको गठन
- भुकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि सचेतनाको लागि २७  औ राष्ट्रिय भूकम्प सूरक्षा दिवसय कार्यक्रम सम्पन्न







## पूर्वाधार विकास

- नयाँ सडक कालोपत्रे र मर्मत समेत गरी १४.९ किमी
- नयाँ बाटो निर्माण ३.३ कि.मी.
- बाटो ग्राबेल ९.५ कि.मी.
- उच्चस्तरीय ग्राबेल ९.१ कि.मी.
- खानेपानी पाईपलाईन ९.५ कि.मी.
- तटबन्धन कार्य २.३ कि.मी.
- मोजायक टायल १.७ कि.मी.

## पूर्वाधार विकास

- ढल निर्माण २.२ कि.मी.
- सिचाई कुलो निर्माण १.३ कि.मी
- कल्भर्ट निर्माण १० वटा
- रिटनिङ तथा कम्पाउण वाल १.४ कि.मी
- बाटो ढलान ६.५ कि.मी.
- ९ वटा भवन निर्माण
- ७९ वडा भवन तथा आवास मर्मतको कार्य सम्पन्न

## पूर्वाधार विकास

- ढल निर्माण २.२ कि.मी.
- सिचाई कुलो निर्माण १.३ कि.मी
- कल्भर्ट निर्माण १० वटा
- रिटनिङ तथा कम्पाउण वाल १.४ कि.मी
- बाटो ढलान ६.५ कि.मी.
- ९ वटा भवन निर्माण
- ७९ वडा भवन तथा आवास मर्मतको कार्य सम्पन्न
- ढल निर्माण २.२ कि.मी.











## पूर्वाधार विकास



स्वीकृत योजना र कार्यक्रमको विवरण




**योजना कार्यन्वयन : ६६३**

- नगर स्तरीय १३५
- वडा स्तरीय ५२८

- उपभोक्ता समिति ५९९
- निर्माण व्यवसायी ६४

## घर नक्शा शाखा

- DPC level सम्म ४७ वटा नयाँ भवनहरूको ईजाजत प्रदान
- चालु आ.व मा पुराना घरहरूको नक्शा अभिलेखिकरणको लागि १२४ वटा निवेदन प्राप्त भएकोमा १०० वटा पुराना घर अभिलेखिकरण सम्पन्न भएको छ भने नयाँ ३० वटा घर निर्माण सम्पन्न भएको
- चालु आ.व मा भवन यथास्थितिकारणको लागि २४ वटा निवेदन प्राप्त भएकोमा १३ वटा भवन यथास्थितिकारण सम्पन्न भएको
- चालु आ.व मा ३८ वटा  घर नक्सा नामसारी र १०८ वटा कच्ची घर प्रमाणित भएको

## श्रम तथा रोजगार शाखा

- ६६ जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नगर तथा वडाका विभिन्न योजनामा न्यूनतम रोजगारिमा संलग्न गराईएको
- ४० जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई कार्यस्थलमा आधारित सडक मर्मत सम्भार तथा जीवन उपयोगि तालिम सञ्चालन गरिएको
- ४५१ जना व्यक्तिहरुको श्रम स्वीकृतीमा सहजिकरण गरिएको
- वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु अन्तर्गत २३ जनाले ३९ लाख बराबरको कल्याणकारी सेवा प्राप्त
- सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत ८ स्थानमा गहन अभिमुखीकरण कार्यक्रम संचालन; मनोसामाजिक परामर्शकर्ताको व्यवस्था







## न्यायिक शाखा

**विवादको न्यायिक निरुपण तथा मेलमिलाप:**

- कुल विवाद दर्ता: २०३ (१८३+अ.ल्या. २०)
- विवाद समाधानः १४६
- चितवन जिल्ला अदालतमा सिफारिसः १९
- प्रकृयामा र चलन चलाउने अवस्थामा रहेका विवादः ३८
- विवाद समाधान प्रतिशतः ७१.९ %









### न्यायिक शाखा

- मेलमिलापकर्ताको नगरपरिषद भेला एवम् कानुनी सचेतना कार्यक्रम ६६ जनाको सहभागितामा सम्पन्न,
- स्थानीय तहमा विवाद न्यूनिकरणमा सरोकारवालासँग न्यायिक अन्तरसम्वाद कार्यक्रम सम्पन्न; ३८ जनाको सहभागिता,
- विद्यालय तहमा कानूनी साक्षरता कार्यक्रम सम्पन्न; २६० जनाको सहभागिता,
- न्यायमा पहुँच अभिबृद्धिका लागि समुदाय स्तरमा कानूनी घुम्ति शिविर सम्पन्न; ३५० जनाको सहभागिता।

### राजस्व शाखा

- १७ करोड २३ लाख ७६ हजार २ सय ९८ पैसा ३९ राजस्व सङ्कलन भएको छ जुन बार्षिक लक्ष्यको ८८.५३ प्रतिशत रहेको।

### सामाजिक सुरक्षा तथा पंजीकरण शाखा

- जन्म दर्ता ९४७, मृत्यु दर्ता ३९८, बसाई ८२३, सराइ ३८९, विवाह दर्ता ४९३, सम्बन्ध विच्छेद ९० रहेको,
- ६५७६ जना सामाजिक सुरक्षा लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको,
- सम्पूर्ण वडामा राष्ट्रिय परिचय पत्र वितरण गरिएको।

### महिला, बालबालिका र जेष्ठ नागरिक शाखा

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान,
- ३३ औ अन्तराष्ट्रिय अपांगता दिवसमा अपांगता भएका २० जना उधमीहरुलाई सम्मान गर्नुका साथै स्नातक प्रथम वर्षमा अध्ययनरत दृष्टिबिहीन सिर्जना रेग्मीलाई ल्यापटप वितरण गरिएको,
- ८५ जना किशोर-किशोरीहरुलाई जिवन उपयोगी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,
- १३ वटै वडाका बाल सन्चालनका २६ जना विद्यार्थीहरु बीच वकृत्वकला कार्यक्रम संचालन गरिएको,
- २६ वटा आमा समूह दर्ता गरिएको ।

### महिला, बालबालिका र जेष्ठ नागरिक शाखा

- २०६ जना नगर बासीलाई जेष्ठनागरिक कार्ड वितरण गरिएको
- ६५ जना नगरबासीलाई अपांगता परिचय पत्र वितरण गरिएको
- गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत सीप तथा व्यवसायिक विकासका लागि ७६ जना महिलाहरुलाई ५ दिने अचार बनाउने तालिम, २२ जना महिलाहरुलाई ७ दिने मौरी पालन तालिम र ३४ जना थारु महिलाहरुलाई १ महिने परम्परागत सीप तथा सांस्कृतिक डम्फु नाच सम्पन्न गरिएको







### उद्योग व्यवसाय तथा उद्यम विकास शाखा

- ३२२ नयाँ व्यवसाय दर्ता भएको र २१४७ व्यवसायको नवीकरण भएको,
- २९२ वटा व्यवसायहरु खारेजी र २४ वटा व्यवसायद्वारा ठाउँसारी भएको,
- सिलाईकटाई, व्युटीपार्लर, मन्टेश्वोरी, मोबाइल मर्मत लगायतका उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको,
- ४ समूहबाट व्युटी पार्लर, ११ जनाबाट ढाका बुनाई, ११ जनाबाट चप्पल बनाउने, १३ जनाबाट च्याउ खेती, ५ जनाबाट डाईगन फ्रुट व्यवसाय संचालन भएको,
- विउ पुँजी क्रार्यक्रम अन्तगर्त फरक क्षमता भएका व्यक्तिहरुले सरफ साबुन बनाउने व्यवसाय शुरु भएको,

### उद्योग व्यवसाय तथा उद्यम विकास शाखा

- २५ जना लघु उद्यमीको लागि स्तरउन्नती सिलाई कटाई तालीम संम्पन्न,
- ४ वटा व्युटी पार्लर व्यावसाय शुरु गरीएको १२ जना लघु उद्यमीको लागी तीन महिने विशिष्ठकृत व्युटी पार्लर सीप विकास तालिम सम्पन्न,
- १२ जना सहभागीहरुलाई मोबाईल मर्मत सीप तालिम र ५० जना सहभागीहरुलाई मन्टेश्वरी तालिम संम्पन्न,
- नगरपालिका भित्र संचालित होटेल, खाद्यान्न पसल तथा मासु पसलहरुमा अनुगमन गरी मापदण्ड बिपरित कार्य गर्ने ३ जना व्यवसायलाई कारवाही गरिएको।

















### सूचना प्रविधि शाखा

- नगरपालिका/वडा अन्तर्गतका बिभिन्न स्थानहरुमा राखिएका सिसिटिभी सरभेइलेन्स, Software/Hardware, सिस्टमहरुको नियमित नियमन तथा अनुगमन साथै वडा नं ७, ८, ९ र ११ को विभिन्न स्थानहरुमा थप सिसिटिभी जडान सम्पन्न
- हरेक वडा तथा स्वास्थ्य चौकीहरुमा Centralized Attendance System जडान गरिएको
- सूचना प्रविधिजन्य क्षमता विकास अन्तर्गत २१ जना सहभागीलाई फोटोग्राफि, भिडीयोग्राफि र सम्पादन सम्बन्धि तालिम प्रदान गरिएको
- विभिन्न सेवाहरु प्रदान गर्ने व्यवस्थालाई व्यवस्थित गर्ने उदेश्यले नगरपालिकाको स्मार्ट मोबाइल एप निर्माण गरिएको










**९. बार्षिक समिक्षा कार्यक्रमको केहि झलकहरु**




कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
समिक्षा कार्यक्रम
मिति: २०८२/०७/२४
खैरहनी नगरपालिकाको सभाहल


खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
आ.व. २०८१/०८२ को






खैरहनी नगरपालिका
कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
आ.व. २०८१/०८२ को
समिक्षा
मिति: २०८२/०७/२४
नगरपालिकाको




खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
आ.व. २०८१/०८२ को
वार्षिक समिक्षा कार्यक्रम
मिति: २०८२/०७/२४